मितिः २०७१/०४/१७

# प्रेस विज्ञप्ती

सिन्धुपाल्चोक बाह्रबीसे नजिकै पहिरोले सुनकोशी र भोटेकोशी नदी थुनिएरठुलो धनजनको क्षति भएको समाचार प्रकाशित भएकोमा नेपाल इन्जिनियर्स एशोसिएसनको ध्यानाकृष्ट भएको छ । उक्त दुखद समाचार पश्चात् एशोसिएसनको आकस्मिक बैठक बसी विज्ञहरु बिच बृहत्तर छलफल पश्चात् यस्ता घटनाहरु बार-बार दोहोरिन सक्ने हुँदा यस प्रकृतिका घटनाहरुबाट हुने क्षति न्यूनीकरण गर्नको लागि सरकारलाई सहयोग पुर्याउन डा. जीवराज पोखरेलको संयोजकत्वमा विज्ञहरुको कार्यदल गठन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

यस किसिमका दैविक प्रकोपका दुःखद घटनाहरुमाधनजनको क्षति कम गर्नको लागि अनुकूल वातावरण कायम राख्न नेपाल सरकारलाई आवश्यक प्राविधिक सहयोग गर्न नेपाल इन्जिनियर्स एशोसिएसन सदा तत्पर रहेको छ । यस विपद्को घडीमा नेपाल सरकारका विभिन्न निकायहरु, गैर सरकारी संघ संस्थाहरु, स्थानीय प्रतिनिधिहरु, पत्रकारहरु एवं नेतृत्वहरुको ध्यानाकर्षण गर्दै जनधनको सुरक्षाको ब्यवस्था गर्न नेपाल इन्जिनियर्स एशोसिएसन नेपाल सरकारसंग अनुरोध गर्दछ ।

ई. ध्रुवराज थापा
अध्यक्ष
नेपाल इन्जिनियर्स एशोसिएसन
पुल्चोक, ललितपुर ।
फोनः ५०१०२५२